# स्थानीय राजपत्र

## सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड-९ सङ्ख्या-२ सुनकोशी स्थानीय राजपत्र प्रकाशित मिति २०८२/०३/०८

## भाग-२

### सुनकोशी गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालयको सूचना

नेपालको संविधान बमोजिम गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको नियमावली सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### उद्यमी महिला अनुदान सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः**

सुनकोशी गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा (११) ले दिएको अधिकार प्रयोग गरी उद्यमी बन्न ईच्छुक महिलाहरुलाई अनुदानको माध्यमबाट उनीहरुको आर्थिक अवस्थामा सुधार ल्याउनका लागि सुनकोशी गाउँपालिका गाउँ कार्यपालकाले यो कार्यविधि स्वीकृति गरी लागु गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

**१. संक्षिप्त नाम प्रारम्भः** (१) यस कार्यविधिको नाम गाउँपालिकाभित्रका **"उद्यमी महिला अनुदान सम्बन्धी कार्यविधि २०८२"** रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** (१) विषय वा प्रसङ्गले अर्को अर्थ नलागेसम्म यस कार्यविधिमा,

क) **"कार्यपालिका"** भन्नाले सुनकोशी गाउँपालिका गाउँ कार्यपालिकालाई बुझिने छ। ।

ख) **"अनुदान"** भन्नाले गाउँपालिकाले उद्यमी महिलाहरुलाई व्यापार, व्यवसाय, उद्यम गर्नको लागि उपलब्ध गराउने अधिकतम रकमलाई बुझिने छ ।

ग) **"महिला उद्यमी"** भन्नाले व्यवसाय सञ्चालन गर्ने वा सञ्चालनको तयारी रहेकी कुनै पनि महिला नागरिकलाई बुझिने छ। ।

घ) "**लक्षित समूह"** भन्नाले गाउँपालिका भित्र स्थायी बसोवास गर्ने १८ वर्ष पुगेको, व्यवसायी सम्बन्धी प्रारम्भिक योजना रहेको र स्वरोजगार वा लघु साना व्यवसाय सञ्चालन गर्न ईच्छुक महिलालाई बुझाउने छ ।

**परिच्छेद-२**

**उद्देश्य**

**३. उद्देश्यः** (१) कार्यक्रमको उद्देश्य देहायबमोजिको हुनेछ ।

क) गाउँपालिकाभित्रका ईच्छुक महिलाहरुलाई उद्यमशिल बनाउन।

ख) कृषि फर्म तथा साना व्यवसायहरु स्थापना तथा विस्तारमा सहजीकरण गर्न ।

ग) महिलाको सामाजिक तथा आर्थिक सशक्तीकरणमा योग्दान पुऱ्याउने ।

**४. अनुदानको क्षेत्रः** (१) अनुदान प्रदान गरिने क्षेत्रहरु देहाय बमोजिम हुनेछ।

क) कृषि तथा पशुपालन

ख) लघु उद्यम

**५. आवश्यक कागजातहरुः** (१) अनुदान रकम माग दाबीको लागि देहाय बमोजिमको कागजात गाउँपालिकामा उपलब्ध गराउनुपर्नेछ ।

क) फर्म वा संस्था दर्ता र नवीकरण प्रमाणपत्र प्रतिलिपि।

ख) मूल्य अभिवृद्धिकर र स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि।

ग) अघिल्लो आ. व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि।

घ) अनुसूची-१ बमोजिमको निवेदन।

ङ) निवेदकको नागरिकताको प्रतिलिपि।

च) अनुदान प्राप्त भएपश्चात गरिने संक्षिप्त कार्ययोजना सहितको प्रस्तवाना पत्र ।

**६. छनोट समितिको गठन तथ समितिको काम कर्तव्य र अधिकारः** (१) गाउँपालिकाभित्रका उद्यमी बन्न ईच्छुक महिलाहरुलाई अनुदान वितरणको लागि देहाय बमोजिमको छनोट समिति गठन गरिनेछ ।

क) उपाध्यक्ष- संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ग) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख-सदस्य

घ) सामाजिक तथा आर्थिक विकास शाखा प्रमुख- सदस्य

ङ) महिला, बालबालिका तथा समाज कल्याण उपशाखा प्रमुख -सदस्य सचिव

**(२) छनोट समितको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

क) प्राप्त आवेदनहरुको प्रारम्भिक छानविन गर्ने।

ख) उद्यम व्यवसाय योजनाको मूल्याङ्कनमा गर्ने मापदण्ड तयार गरी त्यसअनुसार मूल्याङ्कन गर्ने ।

ग) अनुदानको पारदर्शी निष्पक्ष वितरण सुनिश्चित गर्ने ।

घ) व्यवसाय सञ्चालनको लागि अनुगमन र मूल्याङ्कनमा संलग्न रहने ।

ङ) आवेदकहरुसँग विवरण वा कागजात माग गर्न सक्ने अधिकार ।

च) व्यवसाय योजना अस्वीकृत गर्ने वा परिमार्जनको सिफारिस गर्ने अधिकार ।

छ) मापदण्ड पुरा गर्नका लागि आवश्यक विज्ञ बोलाउने ।

ज) मापदण्ड पुरा नगरेका आवेदकहरु अस्वीकार गर्ने अधिकार ।

झ) छनोट प्रक्रिया निष्पक्ष, पारदर्शी बनाउन आवश्यक निर्णय लिने अधिकार

ञ) सम्भावित अनियमित क्रियाकलाप देखिएमा जाँच र प्रतिवेदन गर्ने अधिकार।

**<u>८. छनोट प्रक्रियाः</u>** (१) अनुदानको लागि प्रसतावहरु देहाय बमोजिम छौट गरिनेछ।

(क) सूचना प्रकाशनमार्फत आवेदन संकलन ।

(ख) दफा (५) मा उल्लेखित प्राप्त कागजातको आधारमा ।

**<u>९. अनुदान उपलब्ध गराउने तरिकाः</u>** (१) व्यवसाय लागत विवरण अनुसार लागतको ५० प्रतिशत वा अधिकतम सीमा भित्रको रकम फिर्ता नहुने गरी उपलब्ध गराउनेछ ।

(२) अनुदान सिधै अनुसूची-२ बमोजिमको सम्झौता पत्र अनुसार उद्यमीको बैंक खातामा ट्रान्सफर गरिनेछ ।

**१०. अन्य व्यवस्थाः** (१) अनुदान लिएर व्यवसाय सञ्चालन नगरेको पाईएमा पालिकाले कानूनी कारवाही गर्ने अधिकार रहनेछ ।

(२ गाउँ कार्यपालिकाले आवश्यक परेको खण्डमा कार्यविधिमा संशोधन गर्न सकिनेछ ।

**अनुसूची-१**
**(दफा ५ को उपदफा १ को (घ) सँग सम्बन्धित)**

## अनुदानको सहयोगका लागि निवेदन ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
गाउँ कार्यपालिकाको कार्यालय,
सुनकोशी गाउँपालिका, मुलखर्क, ओखलढुङ्गा।

**विषयः अनुदान उपलब्ध गराईदिनु हुन।**

**महोदय,**

मेरो/हाम्रो नाममा ............................................................कार्यालयमा दर्ता भएको दर्ता नं...... को...............................कृषि/फर्म/समूह/सहकारी/ व्यवसाय प्रवर्द्धन गर्नका लागि गाउँपालिकाभित्रका उद्यमी बन्न ईच्छुक महिलाहरुलाई अनुदान अन्तर्गतको रकम उपलब्ध गराईदिनुहुन अनुरोध छ ।

**निवेदनको विवरणः**

१. उद्यमीको नाम थर र ठेगानाः
२. व्यवसाय फर्म दर्ता नं. र मितिः
३. समूहको दर्ता नं.
४. व्यवसाय फर्ममा लगानी भएको पुँजीः

**संलग्न कागजातहरुः**

१. संस्था दर्ता र नवीकरण प्रमाणपत्र प्रतिलिपि
२. मूल्य अभिबृद्धिकर स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्रको प्रतिलिपि
३. अघिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
४. निवेदकको नागरिकताको प्रतिलिपि
५. अनुदान प्राप्त भएपश्चात गरिने संक्षिप्त कार्ययोजना सहितको प्रस्तावना पत्र

**निवेदकः**

नामः
ठेगानाः
दस्तखतः
सम्पर्क नं.

**अनुसूची-२**

**(दफा ९ को उपदफा २ सँग सम्बन्धित)**

**सम्झौताको ढाँचा**

(महिला उद्यमशीलताको लागि अनुदान सम्बन्धी)

**पहिलो पक्षः**

श्री................................................

कार्यालयः..........................................

(यसपछि **"गाउँपालिका"** भनिने)

**दोस्रो पक्षः**

श्री.......................................................संस्था/समूह/फर्म

ठेगानाः..........................................

(यसपछि **"संस्था/समूह/फर्म"** भनिने)

**१. सम्झौताको उद्देश्यः**

गाउँपालिकाभित्रका बसोबास गर्ने उद्यमी बन्न इच्छुक महिलाहरुलाई आत्मनिर्भर बनाउन, स्वरोजगसिर्जना गर्न तथा आर्थिक सशक्तीकरणका लागि ५० प्रतिशत अनुदान उपलब्ध गराउने उद्दश्यले यो सम्झौता गरिएको हो ।

**२. अनुदानको विवरणः**

क) उद्यम सञ्चालनको लागि आवश्यक कुल लागतको अधिकतम ५० प्रतिशत रकम गाउँपालिकाले अनुदान स्वरुप उपलब्ध गराउनेछ ।

ख) अनुदान रकम पालिकाले स्वीकृत कार्यक्रम तथा बजेटको सीमाभित्र रहनेछ ।

ग) अनुदान रकम नगदको रुपमा बैंक खातामा उपलब्ध गराउनेछ ।

**३. लाभग्राही छनोट प्रक्रियाः**

क) लाभग्राही महिलाको छनोट गाउँपालिकाले स्वीकृत मापदण्डअनुसार गरिनेछ ।

ख) छनोट प्रक्रियामा पारदर्शिता र समावेशीतालाई प्राथमिकता दिईनेछ ।

ग) एक पटक अनुदान प्राप्त गरेकी लाभग्राहीले दोहोर्याएर सोही प्रयोजनका लागि अनुदान लिन पाउने छैन ।

**४. गाउँपालिकाको दायित्वः**

क) स्वीकृत लाभग्राहीले समयमै अनुदान उपलब्ध गराउने ।

ख) कार्यक्रमको अनुगमन तथा मूल्याङकन गर्ने ।

आवश्यक प्राविधिक तथा उद्यम विकास सम्बन्धी सहजीकरण गर्ने ।

**५.संस्था/समूह/फर्मको दायित्वः**

क) अनुदान प्राप्त रकम वा सामग्री तोकिएको उद्देश्यअनुसार मात्र प्रयोग गर्ने ।

ख) कार्यक्रम कार्यान्वयनमा गाउँपालिकासँगै समन्वय गर्ने ।

ग) आवश्यक प्रगति प्रतिवेदन तथा खर्च विवरण पालिकामा पेश गर्ने ।

घ) अनुगमनका क्रममा गाउँपालिकालाई आवश्यक सहयोग उपलब्ध गराउने ।

**६. अनुगमन र प्रतिवेदनः** (१) गाउँपालिकाले कुनै पनि समयमा अनुगमन गर्न सक्नेछ ।

**७. सम्झौता उल्लङघनः**

सम्झौताका सर्तहरु उल्लङघन भएमा गाउँपालिकाले अनुदान रोक्का गर्ने वा प्रदान गरिएको अनुदान फिर्ता लिन सक्ने अधिकार राख्नेछ ।

**८. सम्झौताको अवधिः**

यो अनुदान रकम तोकिएको सर्त पालना नगरेको अवस्थामा बाहेक गाउँपालिकालाई फिर्ता नगर्ने गरी प्रदान गरिनेछ ।

**९. विवाद समाधानः**

यस सम्झौतासँग सम्बन्धित कुनै विवाद उत्पन्न भएमा आपसी सहमतिबाट समाधान गरिनेछ। सहमति हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ ।

**दोस्रो पक्ष (संस्था/समूह/फर्म)**

नामः

पदः

हस्ताक्षरः

मिति

फर्म/संस्थाको छापः

**पहिलो पक्ष (गाउँपालिका)**

नामः

पदः

हस्ताक्षर

मितिः

कार्यालयको छापः

प्रमाणीकरण मितिः २०८२/०३/०८

आज्ञाले,

राम कुमार कार्की

प्रमुख प्रशासकीय अधिकृत